**रास्कोट नगरपालिकाका प्रमुख श्री धर्मराज शाही (पोषण) बाट रास्कोट नगरपालिकाको दशौं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम**

**" हामी बनाउँछौ हाम्रो नगर"**

९ असार २०७९

**नगर सभाका उपाध्यक्षज्यू,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू ,**

**नगरसभाका सदस्यज्यूहरु तथा उपस्थित महानुभावहरु**

नेपाल युगौंदेखि नै एक स्वाधीन र सार्वभौम सत्तासम्पन्न मुलुकको रुपमा रहँदै आएको छ । इतिहासका विभिन्न कालखण्डहरुमा नेपाली जनताले गरेका वलिदानीपूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलन लगायतका सबै किसिमका राजनीतिक आन्दोलनबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान घोषणा भै हामी यसको कार्यान्वयनको चरणमा छौं । आजको यस गौरवपूर्ण घडीमा नेपालको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन, मधेस आन्दोलन लगायतका सबै राजनीतिक आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । बेपत्ता नागरिकहरु तथा उहाहरुका परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु । साथै, विभिन्न चरणका आन्दोलनका अशक्त र अपाङ्ग व्यक्तिहरुप्रति सहानुभूति प्रकट गर्दै सहज जीवनयापनको कामना गर्दछु ।

नेपालको संविधानको घोषणा पश्चात् मुलुकमा स्थानीय तहको पहिलो कार्यकाल सम्पन्न भई दोस्रो कार्यकाल प्रारम्भ भएको छ । मुलुक  आर्थिक समृद्धिको दिशामा अग्रसर हुन खोजिरहेको छ । कर्णाली प्रदेशको कालिकोट जिल्लामा अवस्थित यस रास्कोट नगरपालिकालाई समृद्धिको शिखरमा पुर्याउने काम आफैमा चुनौतिपूर्ण भएता पनि नव निर्माणको यस घडीमा यसलाई एउटा ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि बढ्नु हाम्रो प्रमुख अभिभारा हो । नेपालको इतिहासमा संविधान प्रदत्त अधिकारको प्रयोगको सिलसिलामा पर्याप्त अधिकारको विन्यास सहितको संघियता कार्यान्वयनको एउटा चरणमा प्रवेश गरेका छौं ।

संविधानले स्थानीय तहलाई दिएको कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक अधिकार मध्ये आज हामी नगर सभामार्फत व्यवस्थापकीय अभ्यास गर्न गइरहेका छौं । अतः यस ऐतिहासिक दिनमा रास्कोट नगरपालिकाको दशौं नगरसभामा उपस्थित हुनु हुने नगर सभाका सबै सदस्यज्यूहरु तथा कर्मचारी मित्रहरुलाई नगर सभामा स्वागत गर्दै अन्तर हृदयदेखि हार्दिक धन्यवाद दिन चाहन्छु ।

हाम्रा अग्रजहरुले  निर्माण गर्न खोजेको पथ, देखेका सपना, नेपालको संविधानले परिकल्पना गरेको संघीय शासन प्रणालीको आधारशिलाको रुपमा रहेको स्थानीय तहको द्रोस्रो निर्वाचन सम्पन्न भईसकेको छ । मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्यको निर्वाचनबाट निर्वाचित रास्कोट नगरपालिकाका पदाधिकारीहरुले शपथ ग्रहण एवं पदभार ग्रहण गरेको आज ३० दिन पुगिसकेको छ ।

रास्कोट नगरपालिकाको दिगो आर्थिक विकास गर्नु आजको हाम्रो आवश्यकता हो। स्वाधीन, आत्मनिर्भर तथा अन्तरनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दिगो आर्थिक विकास हाँसिल गर्नु र रास्कोट नगरपालिका सहित मुलुकको समृद्धिमा योगदान पुर्याई समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा योगदान पुर्याउनु हाम्रो लक्ष्य हो। स्थानीय तहले कार्यान्वयन गर्ने गरी संविधानले नै सुनिश्चित गरेका अधिकारहरुलाई जनताकै ईच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै

**"हामी बनाउँछौ हाम्रो नगर"**

भन्ने मूल नाराका साथ सुन्दर र समृद्ध रास्कोट नगर निर्माण गर्नको लागि दशौं नगरसभामा यस नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित भएको महशुस गरेको छु।

**नगर सभा सदस्यज्यूहरु,**

नेपालको संविधान कार्यान्वयनका क्रममा दोस्रो कार्यकालको लागि २०७९ बैशाख ३० गते सम्पन्न भएको दोस्रो स्थानीय तह निर्वाचन अन्तरगत यस नगरपालिकामा भएको निर्वाचनलाई सफल पार्नुहुने सम्पूर्ण मतदाता, निर्वाचन आयोग, राजनैतिक दल, उम्मेदवारहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। अव म यस सम्मानित सभा समक्ष नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चहान्छु।

**तपशीलका नीति तथा कार्यक्रमहरुलाई मुख्य प्राथामिकतामा राखेको छु।**

१. नगर बस सञ्चालन
२. नगर प्रहरीको गठन
३. मेयर हेल्थ केयर कार्यक्रम सञ्चालन
४. उप-प्रमुख सशक्तिकरण कार्यक्रम सञ्चालन
५. सामाजिक सुरक्षा भत्ता घर आँगनमा वितरण
६. जनआन्दोलन, जनयुद्धका सहिद, घाइते, अपाङ्गता भएका, दन्द्ध पिडित, विपन्न दलित परिवारका छात्रछात्राहरुलाई उच्च शिक्षा अध्यायनका लागि "मेयर छात्रवत्ति कोष स्थापना"
७. रास्कोट बहुमूखी क्याम्पस सञ्चालन
८. रास्कोट नगरपालिकाको पहिचान सहितको लोगो निर्माण
९. वातावरण संरक्षणका लागि रास्कोट नगरपालिकको लोगो सहितको झटपट झोला वितरण
१०.रास्कोट कोशेली घर स्थापना
११.एक घर एक धारा कार्यक्रमद्धारा स्वच्छ खानेपानीको पहुँचमा विस्तार
१२.पर्यटन प्रर्वधनका लागि होमस्टे स्थापना
१३.नागरिक निर्जीवन दुर्घटना बिमा कार्यक्रमको निरन्तरता
१४.रास्कोट नगर अस्पतालबाट विषेशज्ञ सेवा प्रवाह
१५.आर.सि.पि. बजारको विस्तृत गूरुयोजना तयार गरी व्यवस्थापन

**१६. जल, जंगल, जमिन  र जनश्रमको परिचालन गर्न ४ ज को नीति अवलम्वन**

**१७.पूर्वाधार विकासका लागि भौतिक संरचनाहरुको स्तरोन्नती**

**१८.बजेटको उद्देश्य हाँसिल गर्न प्राथमिकता कायम गरी संघ, कर्णाली प्रदेश निजि क्षेत्रसंग साझेदारीका आधारमा सहकार्य**

**१९.कृषि आधुनिकिकरण, व्यवसायिकिकरण र हाइटेक नर्सरीलाई सञ्चालन**

**आर्थिक विकासः कृषि, उद्योग, वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र**

**कृषि**

१. **एक घर एक करेसाबारी तथा एक घर एक टनेल** को कार्यक्रमलाई कार्यान्वयन गरिनुका साथै वेमौसमी तथा व्यवसायिक तरकारी खेतीको प्रर्वधन गरिनेछ।

२. रास्कोटको  मध्यम भागलाई ओखर ब्लकको रुपमा विस्तार गरी अनुदानको व्यवस्था गरिनेछ।

३. कृषि पेशालाई व्यवसायिक र सम्मानित पोशाको रुपमा विकसित गर्नका लागि यस नगरपालिकाको प्रमुख पेशाको रुपमा रहेका कृषिको व्यवसायिकीकरण, आधुनिकीकरण, वैज्ञानिकीकरण बिना हाम्रो अर्थतन्त्रमा गुणात्मक तथा परिमाणात्मक सुधार हुन नसक्ने कुरालाई बोध गदै कृषि प्रणालीलाई वस्तुस्थितिका आधारमा वातावरण तथा जलवायु अनुकल बनाउदै आर्थिक वृद्धिको आधार तय गर्ने नीति अवलम्वन गरिनेछ।

४. यस नगरपालिकाको एउटा प्रमुख सम्भावनाको रुपमा रहेको तोरी, भटमास लागायत तेलहन वस्तुको उत्पादन बढाई खानेतेलको आयात घटाउने नीति लिई **"तेलहन प्रसोधन केन्द्र"** निमार्ण गर्न निजि क्षेत्रसँग समन्वय तथा सहकार्य गर्ने नीति लिइनेछ।

५. सिमी, कोदो, फापर, चिनो, कागुनो जस्ता रैथाने बाली उत्पादन बढाउन आधुनिक औजारहरुमा आवश्यक अनुदानको व्यवस्था गरिनेछ।

६. लेकबस्ती र औल बस्तीमा मौसम अनुसारका फलफुल बगौचा स्थापना, कृषक तालिम कृषिमेला  प्रदर्शनी, उन्नत र परम्पराग बिउ वितरण, सानासिचाई तथा प्लाष्टिक पोखरी, भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ। साथै स्थानीय कुखुरा, कालिज, च्याखुरा पालन व्यवसाय विस्तारका लागि व्यक्तिगत तथा समुहमा  कृषि तथा पशुपालन फर्म विकास  कृर्षक उद्दमशीलता कार्यक्रम सञ्चालन गरिनेछ।

७. निजि क्षेत्रसँगको सहकार्यमा व्यवसायिक तरकारी खेती गर्ने कृषक, सहकारी, कृषक समुह तथा फर्महरुको उत्पादनलाइ बजार पहुँचका लागि बिक्रि केन्द्र स्थापनाका लागि अनुदान उपलब्ध गराइनेछ।

८. स्थानीय कृषि उपजहरुको बजारीकरणका लागि एक वडा एक हाट बजार स्थापना गर्न प्रोत्साहन गरिनेछ।

९. वडा ३ मा रहेको हाइटेक व्यवस्थित गरी नर्सरीलाई  सञ्चालनमा ल्याइनेछ।

१०. कृषि उत्पादनलाई व्यवस्थित गर्न कृषकहरुलाई पायक पर्ने क्षेत्रमा नगरपालिकामा एक **"चिस्यान केन्द्र"** स्थापनाका लागि साझेदारी गरिनुका साथै नगर स्तरीय कृषि ल्याब सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

११. किसानहरुलाई कम्पोष्ट मल गड्यौला मल बनाउन र त्यसको प्रयोग लगाएतको तालिम दिनुका साथै कृषि उत्पादन बढाउने र उत्पादित तरकारीहरु बजारसम्म पुर्याउन सहजीकरण गरिनेछ ।

१२. **"आत्मानिर्भर महिला, कृषिमा पहिला"** भन्ने नीति लिइनेछ ।

१३. कृषि उत्पादनमा वृद्धि गर्नका लागि कृषकहरुको मनोबल उच्च राख्न **उत्कृष्ट कृषकलाई मेयर कृषि पुरस्कार कार्यक्रम** सुरू गरिनेछ ।

१४. दुग्ध उत्पादक कृषकहरुलाई प्रोत्साहन गर्ने समूह, सहकारी तथा निजि क्षेत्रसँगको सहकार्यमा दुग्ध डेरी स्थापना गर्न अनुदान उपलब्ध गरिनेछ ।

१५. पशु तथा बाली विमा लगायतका उत्प्रेरणाको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६. व्यवसायिक रुपमा ५० वटा भन्दा बढी भेडा, बाख्रा वा ५ वटा भन्दा बढी भैसी पाल्ने कृषकहरुका लागि प्रोत्साहन स्वरुप कुल लागतको १० प्रतिशत अनुदानको दिइनेछ ।

१७. स्थानीय कच्चा पदार्थ, भेडा, बाख्राबाट उत्पादित ऊन तथा ढाँका बाट बन्ने कपडालाई आधुनिक प्रबिधिबाट उत्पादन गर्न मेसिनरी साधन वितरण गरी साना उद्योग सञ्चालन गरिनेछ ।

१८. परम्परागत निर्वाहमूखी खेती भएका जग्गामा आधुनिक व्यवसायिक खेतीका लागि **"भूमी बैंक"** को अवधारणा बमोजिम खेतीयोग्य जमिनको सूचीकरण गरी युवाहरुलाई कृषि उद्यममा लगाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. अगुवा तथा उत्कृष्ट कृषकहरुलाई आन्तरिक तथा बाह्य अध्ययन अवलोकन भ्रमण गराइ सिकाई आदानप्रदान गरिनेछ ।

२०. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ । पशु आहाराका लागि घाँस खेती कार्यक्रम सञ्चालन गरिने छ । पशु स्वास्थ्यका लागि औषधी उपचारको व्यवस्था गरिने छ । उत्पादित पशुपंक्षीजन्य उत्पादनको उचित बजारीकरणको प्रबन्ध मिलाइने छ ।

२१. नगर भित्रका पशुपंक्षी फर्म, मासुपसल, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गरिने छ । स्वच्छ र स्वस्थ मासु उपभोक्तासम्म पुर्याउन उपयुक्त स्थानमा आधुनिक पशु वधशाला निर्माण प्रकृया अगाडि बढाईनेछ ।

२२. पशुपंक्षी चिकित्सा सेवालाई प्रभावकारी बनाउन सरल र सहज रुपमा निःशुल्क औषधीको व्यवस्था गरिनेछ ।

२३. बाली तथा पशुपंक्षी बिमा निःशुल्क गरिनेछ ।

**उद्योग तथा वाणिज्य**

१. साना तथा घरेलु उद्योगहरु दर्ता र सञ्चालन गर्ने नीति लिइनेछ ।

२. नगरपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ र अत्यावश्यक उपभोग्य वस्तुहरुको मूल्यमा एकरुपता कायम गरिनेछ ।

३. नगर भित्रका वित्तीय सस्थाहरुसँग सहकार्य गरी वृत्त व्यवस्थापनमा एकरुपता ल्याइनेछ ।

४. आद्योगिक ग्राम स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र आद्योगिक ग्राम स्थापना गर्नाका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

५. स्थानीय श्रम, सीप, प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने नीति लिइनेछ।
६. स्थानीय कच्चा पदार्थ तथा सीपमा आधारित श्रममूलक उद्योगहरुको विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
७. परम्परागत घट्टलाई स्तरीकरण गर्न प्रविधिमैत्री बनाउने कार्यक्रम ल्याइनेछ।
८. स्थानीय स्तरमा कृषि उत्पादन भएका वस्तुहरुको मुल्य सूचि निर्धारण गरिनेछ।

**यातायत**

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकलाई सर्वसुलभ यातायातको पहुँच पुर्याउन **"नगर बस सञ्चालनमा"** ल्याइनेछ।
२. नगर बस, स्काभेटर लगायत नगरपालिकाको मातहतमा रहेका सम्पूर्ण सवारी साधनहरुलाई आवश्यक संयन्त्र बनाई एकद्धार प्रणालीद्धारा कार्यन्वयनमा ल्याइनेछ।

**पर्यटन तथा संस्कृति**

१. नगरपालिका भित्र रहेका ऐतिहासिक रास्कोट दरवार, देवल, धार्मीक स्थलहरु भैरवनाथ, स्यम्भुनाथ, देउरा मालिका मन्दिर, मलायगीरी पाटन अदिलाई धार्मीक तथा सांस्कृतिक पर्यटकीय क्षेत्रको रुपमा विकास गरी आन्तरिक तथा बाह्यि पर्यटकको गन्तब्य स्थल बनाइनेछ।
२. रास्कोट नगर क्षेत्रमा रहेका देवीदेवताका स्थानहरुको संरक्षण र सम्वर्धन गरी पर्यटन प्रर्वधन गर्न गुरु योजना निर्माण गरिनेछ।
३. देउरामालिकाको र अन्य धार्मीक तथा पर्यटकीय स्थलमा पुग्ने मार्गको निर्माण, विस्तार तथा स्तरोन्नती गरिनेछ।
४. जनयुद्वकालिन समयमा निर्माण गरिएका संरचना **सहिद गेट, सहिद स्मृती पार्क, सहिद स्मृती भवन** लाई पुननिर्माण गरी संरक्षण गरिनेछ।
५. रास्कोट नगर क्षेत्र भित्र पर्यटन प्रर्वधनका लागि **होमस्टे निर्माण** गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। पर्यटकीय क्षेत्रमा जान पदमार्गको निमार्ण गरिनेछ।
६. रास्कोटको ऐतिहासिक **रास्कोट दरवार**लाई यातायतको पहुँचमा पुर्याई आन्तरिक र बाह्यय पर्यटकीय क्षेत्रको रुपमा विस्तार गरिनेछ।
७. धार्मिक स्थल बडिमालिका जाने सडक निर्माणका लागि विस्तृत परियोजना तयार गर्नका लागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
८. परम्परागत लोपउन्मुख कर्नाल, पञ्चेबाजा, लोकबाजा, लोकगीतहरु जस्ता सांस्कतिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र सम्वर्धन गरिनेछ।
९. खसभाषाको रक्षा र कर्णालीको इतिहासको अनुसन्धान कार्यमा टेवा पुर्याउने उश्द्देयले रास्कोट नगरपालिकामा **"रास्कोट दरबार पुस्तकालय"** स्थापना गरिनेछ।

१०. मृतकको दाहसँस्कार प्रक्रियामा सहजिकरण गने व्यवस्था गरिनेछ।

११. एक वडा एक हेलीप्याट निर्माण गरिनेछ।

**नगरसभा सदस्य ज्यू**

**सहकारी**

१. नगरपालिकाका प्रत्येक वडामा सुपथ मुल्य सहकारी पसल सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।

२. सहकारी संस्थाहरुको नक्साङ्कन, अनुगमन ,निरीक्षण गरी उद्धेश्यमा आधारित वितीय शुसासन कायम गर्न तर्फ जोड दिई संस्थागत क्षमता विकास गरी उत्पादनमा वृद्धि गरिनेछ ।

**वित्तीय क्षेत्र**

१. सर्वशुलभ बैङ्किङ सेवा प्रवाह गर्न अन्य बैंकका शाखा विस्तारका लागि पहल गरिनेछ।

२. वित्तीय संस्थालाई व्यवसायिक कृषि तथा अन्य आयमूलक कार्यमा ऋण लगानी गर्न पहल गरिनेछ।

३. बैंक तथा वितीय संस्थामा सर्वसाधारणको पहुँच सुनिश्चितता गरिनेछ।

४. नगरपालिका भित्रका वितिय क्षेत्रलाई नियमन गरिनेछ।

५. रास्कोट नगरपालिका भित्रको घर जग्गालाई धितो राखी कर्जा प्रवाह गर्नका लागि पहल गरिनेछ।

**युवा तथा रोजगार**

१. विदेशबाट फर्किएका युवाहरुलाई कृषि तथा युवा उद्यमशीलता साझेदारी ऋण कार्यक्रम सञ्चालनमा ल्याउन पहल गरिनेछ।

२. रास्कोट नगरपालिकाको श्रमरोजगार बैंकलाई पुर्न संरचना गरी समयसापेक्षरुपमा सञ्चालन गरिनेछ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई रोजगार बैंकको रुपमा विकास गरी बिपन्न व्यक्तिहरुको सूचीकरण गरी त्यस्ता व्यक्तिहरुलाई रोजगारी दिने योजनाहरुको गुणस्तर कायम गरिने छ ।

४. विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका रोजगारदाताहरुसँग परामर्श गरी स्थानीय,राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा रोजगारीका अवसरहरुको सिर्जना गर्न पहल गरिनेछ।

५. मुख्यमन्त्री रोजगार कार्यक्रमलाई समयानुकुल योजनाका आधारमा प्रभावकारी कार्यन्वयन गरिनेछ।

**राजश्व**

१. **"कर तिर्नु कर्तव्य मात्र होइन गौरव पनि हो"** भन्ने अवधारणाको विकास गर्न स्वयंमकर निर्धारण पद्धति मार्फत करदातालाई दायित्व बोध गराउन कानुनी व्यवस्था मिलाइनेछ।

२. राजश्व प्रणालीलाई बिस्तारै अनलाईन पद्धतिबाट भुक्तानीको वातावरण मिलाउन आवश्यक कार्य अघि बढाई राजश्व चुहावटलाई पूर्ण नियन्त्रण गरिनेछ ।
३. राजश्व संकलन गर्ने संयन्त्र तयार गरी आन्तरिक स्रोतको प्रभावकारी परिचालन गरी प्रगतिशिल कर प्रणालीको विकास गरिनेछ ।
४. ढुङ्गा, गिट्टी, बालुवा तथा वन पैदावरबाट राजश्व संकलन गर्ने नीति लिइनेछ ।
५. कर तथा राजश्व तिर्ने नागरिकलाई प्रोत्साहन गर्न करदाताको नामाकरण गरि सबै भन्दा बढी राजश्व तिर्ने र संकलन गर्ने लाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।
६. नगरपालिका भित्र रहेका बस्तु तथा सेवा प्रदायक सबैलाई अनिर्वाय करको दायरामा ल्याइनेछ ।

## सामाजिक विकासः शिक्षा, खेलकुद, संस्कृति प्रवर्धन, खानेपानी, स्वास्थ्य तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

### शिक्षा

१ शिक्षा देश विकासको मेरुदण्ड हो । त्यसैले शिक्षाको गुणात्मक विकास विना कुनैपनि विकास अपुरो हुने भएकाले शिक्षामा क्षेत्रमा **शैक्षिक क्रान्ति** गरिनेछ ।

२ जनआन्दोलन, जनयुद्धकालिन सहिद, घाइते, अपाङ्गता भएका, दन्द्ध पिडितका, विपन्न दलित परिवारको छात्रछात्राहरु मध्ये गरि दुई जनालाई उच्च शिक्षा अध्यायनका लागि **“मेयर छात्रवृत्ति कोष”** खडा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३ संघ, प्रदेश सरकार र बिभिन्न विश्वविद्यालयहरुसंग समन्वय गरी रास्कोट बहुमुखी क्याम्पस सञ्चालनका लागि पहल गरि कार्यन्वयनमा ल्याइनेछ ।

४ सामुदायिक विद्यालयका मा.वि.हरुमा एक मा.वि.एक प्राविधिक धारका कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रक्रिया अघि बढाइनेछ ।

५ आधारभूत शिक्षामा सबैको पहुँचको राष्ट्रिय नीतिलाई टेवा पुऱ्याउनका लागि शिक्षामा विशेष सहयोग पुऱ्याउन रास्कोट गुणस्तरीय शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६ नगरपालिकाको शैक्षिक गुणस्तर सुदृढीकरणका लागि प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितीहरुलाई व्यवस्थापन तालिमलाई जोड दिदै कार्यसंम्पादन करार मार्फत नतिजामूखी कार्यसंम्पादनका आधारमा उचित पुरस्कारको ब्यबस्था मिलाइनेछ ।

७ एक वडा एक व्यवस्थापकिय नमुना विद्यालयको व्यवस्थापन गरिने छ ।

८ अनुगमन तथा सुपरिवेक्षण कार्यलाइ प्रभावकारी वनाइने छ ।

९ उत्कृष्ट नतिजा हासिल गर्ने विषयका शिक्षकहरु र विद्यार्थीहरुलाई पुरस्कृत गर्ने र कार्यसम्पादन सन्तोस जनक नभएका शिक्षक र कर्मचारीहरुलाई पृष्ठपोषण प्रदान गरिनेछ ।

१० शिक्षालाई उत्पादन संग जोड्न वडिमालिका मा.वि.का प्राविधिक धारका बिधार्थीहरुलाइ **"पढदै कमाउदै"** कार्यक्रममा अवद्ध गरिनेछ ।

११ नयाँ वालशिक्षा अनुमतिको सवालमा स्थलगत नक्साङ्कन गरी शिक्षा शाखाको सिफारिस अनुसार अघि वढाइनेछ ।

१२ विद्यालयका भौतिक संरचना निमार्ण गर्दा अपाङ्गमैत्रि, बालमैत्रि भौतिक संरचना बनाउन नीति लिइनेछ ।

१३ प्रारम्भिक बालविकास केन्द्रहरु र सामुदायिक विद्यालयहरु लाई प्रविधिमैत्रि बनाउन E-learning , E-class, Smart Board ,CCTV को व्यावस्थापन गरि सबै विद्यालयहरु प्रविधिमैत्रि बनाइनेछ ।

१४ प्रारम्भिक वालविकासका बाल शिक्षक, विद्यालय कर्मचारीको सेवा सुविधामा निरन्तरता दिदै अतिआवश्यक निजि शिक्षकहरुलाई उचित व्यवस्थापन गरी नगर स्वयंम सेवक शिक्षकको रुपमा रुपान्तरण गरिनेछ ।

१५ शिक्षाको आधारको रुपमा **"घर वलियो जगले राष्ट बलियो प्रारम्भिक बालविकासले"** भन्ने नाराका साथै प्रारम्भिक बालविकासमा लगानि अभिवृद्धि गरिनेछ ।

१६ बालबालिकाको सिकाई सुधार गर्न बालबालिका र अभिभावको बिचमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न अभिप्ररित गरिनेछ ।

१७ शिक्षक र विद्यार्थीको अनुपात तथा विद्यालयमा शिक्षक आवश्यकता र मौजुदा शिक्षकहरुको संख्या हेरी शिक्षकहरुको दरबन्दी मिलान गर्ने कार्य अगाडि बढाइने छ ।

१८ विद्यार्थीहरुको व्यक्तिगत अभिलेख तयार गरि महिनाको अन्तिममा अभिभावक सहितको प्रगती समीक्षा गर्न विद्यालयलाई प्रोत्साहित गरिनेछ ।

१९ रास्कोट नगरपालिकामा आधारभुत तहको स्थानीय पाठयक्रम (जीवन प्रर्वद्धन शिक्षा)मा सामान्य ज्ञान क्षेत्रलाई समावेश गरि समयानुकुल अद्यावधिक गरी कार्यन्वयनमा ल्याइनेछ ।

२० न्यून सिकाई उपलब्धी भएका बालबालिकाहरुको सिकाई उपलब्धी वृद्धि गर्न अतिरिक्त कक्षा सञ्चालनका लागि विद्यालय संग समन्वय गरिनेछ ।

२१ बडिमालीका मा.वि.मा सञ्चालित कृषि प्राविधिक शिक्षालाई डिप्लोमा तहमा स्तर उन्नती गर्न पहल गरिनेछ ।

२२ रास्कोट नगरपालिकामा निजि, सहकारी लगानी र सरकारको अनुदानमा एक नमुना आविसय विद्यालय सञ्चालन गर्न पहल गरिनेछ ।

२३ विद्यालयको सिकाई उपलब्धिलाइ सुधार गर्न एक कक्षा अनिर्वाय लक बुक नीति कार्यन्वयन गरिनेछ ।

२४ निरोगिता प्रवर्द्धन गर्नका लागि योग पद्दतीलाई समाजमा पुनःस्थापित गर्न योगशालाको स्थापना र विकास गर्दै लैजाने नीति अबलम्बन गरिनेछ । साथै जडीबुटी र योग शिक्षालाई विद्यालय पाठ्यक्रममा समाबेश गरिनेछ ।

२५ महिनावारीका कारण छात्रा कक्षामा अनुपस्थित हुने अवस्थालाई अन्त्य गर्न र मर्यादित महिनाबारीका लागि विद्यालयमा छात्रामैत्री शौचालय एवं निः शुल्क स्यानिटरी प्याड वितरणको व्यवस्था गरिनेछ ।

**युवा तथा खेलकुद**

१. नगरपालिका भित्र समग्र खेलकुदको विकास गर्न माद्यामिक विद्यालयहरुमा खेलकुद प्रशिक्षक व्यवस्थापन गरिनेछ । खेलकुदको विकासको लागि रंगशालाको स्तरवृद्धिगर्न पहल गरिनेछ ।

२. बालबालिकाहरुलाई प्रतिरक्षा र क्षमता प्रस्फुटन लागि विभिन्न किसिमका खेल बन्द प्रशिक्षण, प्रशिक्षक कार्यक्रम संचालान गरिनेछ ।

३. नगरपालिकामा एक वडामा एक खेलकुद मैदान निमार्ण नीति अवलम्वन गरिनेछ ।

४. विद्यालय स्तरीय, नगरपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड र मेयर कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।

५. नगरपालिका भित्रका राष्ट्रिय अन्तराष्ट्रिय खेलाडीहरुको सम्मान गदै खेलाडीहरुको अनुभवलाई नगरपालिकामा भरपुर उपयोग गरिनेछ ।

६. नगरपालिकामा **बहुउद्देश्यीय कवड हल**को निमार्ण गर्न पहल गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु**

**स्वास्थ्य**

१ रास्कोट **अस्पतालबाट बिषेशज्ञ सेवा प्रवाह** गरिनेछ । रास्कोट नगरपालिकाद्धारा सञ्चालित एम्बुलेन्स सेवालाई रास्कोट अस्पताललाई हस्तान्तरण गरी सेवा प्रवाहलाइ प्रभावकारी बनाइनेछ ।

२ **"भरोसा होस नगर माथी, गाउँ घरमा स्वास्थ्य कर्मी साथी"** भन्ने नाराका साथ रास्कोट भित्रका जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका ब्यक्तिहरु, गभर्वती महिलाहरु, वालवालिका तथा बिपन्न नागरिकहरुलाई घर घरमा स्वास्थ धुम्तीसेवा तीन महिनाको एक पटक पुग्ने गरी **"मेयर हेल्थ केयर कार्यक्रम"** सञ्चालन गरिनेछ ।

३ रास्कोट अस्पताललाई स्वास्थ बिमा कार्यक्रमसंग आबद्ध गरी स्वास्थ बिमा कार्यक्रम लागु गरिनेछ ।

४ किशोर किशोरी लक्षित गरी प्रजनन स्वास्थ सम्बन्धी चेतानामूलक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

५ सामुदायिक तथा निजि विद्यालयहरुमा निशुल्क स्वास्थ परीक्षणको व्यवस्था गरिनेछ ।

६ नगरपालिकामा १५ शैयाको रास्कोट अस्पतालको स्तर बृद्धि गर्न संघ तथा प्रदेश सरकारसंग पहल गरिनेछ ।

७ स्वास्थ्य संस्थाहरुबाट निशुल्क औषधिको उपलब्धता सुनिश्चित गरिनेछ ।

८ **" हाम्रो व्यवहार, स्वस्थ परिवार"** भन्ने नारालाई आत्मसाथ गर्दै स्वास्थ्य चौकीको पहुँचबाट टाढा रहेका आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई क्रमशः स्तरोन्ती गरि ब्रथिङ्ग सेन्टर निर्माण गर्न पहल गरिने छ ।

९ शहिद परिवार, घाइते तथा अपाङ्गता भएका र विपन्न परिवारलाई विशेष सहुलियत सहितको स्वास्थ्य उपचारको व्यवस्था मिलाउन पहल गरिनेछ ।

१० नेपाल रेडक्रस सोसाईटीसंगको समन्वयमा रास्कोट अस्पतालमा ब्लड बैंक स्थापना गर्न आवश्यक पहल गरिनेछ।

११ महिला सामुदायिक स्वास्थ्य स्वयंम सेविकाहररुलाई उपलब्ध हुदैं आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।

१२ वाल स्वास्थ्य,खोप र सुरक्षित मातृत्व सेवालाई प्रभावकारी बनाउने कार्यक्रम सञ्चालन गरिनेछ।

१३ **शहिद परिवार, विपन्न, द्धन्दपिडित, घाइते तथा पूर्ण अपाङ्ग, ७० वर्ष माथिका जेष्ठ नागरिक र गर्भवती महिला**हरुको लागि रास्कोटको जुनसुकै स्थान देखी रास्कोट अस्पताल सम्म पुर्याउन एम्बुलेन्स सेवा निः शुल्क उपलब्ध गराइनेछ।

१४ पोषण वालरोगको एकीकृत व्यवस्थापन नसर्न रोगको व्यवस्थापन कार्यक्रमलाई थप प्रभाकारी बनाइनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. "उप प्रमुखसंग महिला कार्यक्रम" लाई निरन्तरता दिइनेछ।

२. दलित महिला लगायतका महिलाहरुलाई व्यवसायिक सीप विकास गरी उद्यमी बनाउन आयमुलक, सीपमुलक तालिम प्रदान गरी आय आर्जनमा वृद्धि गरी स्वरोजगार, आत्मनिर्भर हुने गरी सशक्तिकरणका कार्यक्रममा जोड दिइनेछ।

३. भौतिक संरचना निर्माण गर्दा अपाङ्ग मैत्री बनाउने तथा अपाङ्ग व्यक्तिहरुको लागि सशक्तिकरण गर्ने नीति लिईनेछ।

४. बालश्रम, बालबिवहा, छाउपडि प्रथा, जातीय भेदभाब तथा छुवाछुत उन्मुलनका लागि कडा नीति अवलम्वन गदै अन्त्यका लागि जनचेतना मुलक कार्यक्रम लागु गरिनेछ।

५. नगर भित्रका युवा, बालबालिका, महिला तथा किशोर किशोरीहरुलाई लागू औषध दुर्व्यसनी, घरेलु तथा यौनजन्य हिंसा, बाल अधिकार तथा महिलाको हक सम्बन्धी सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६. नगरका सम्पूर्ण नागरिकहरुमा सकारात्मक सोचको विकास गर्नकालागि टोल टोलमा जिवन रुपान्तरण सम्वन्धी अभियान संचालन गरिनेछ।

७. समान कामका लागि समान ज्यालाको नीति अवलम्वन गरिनेछ।

## समाजिक सुरक्षा तथा पञ्जीकरण र अपाङ्गता परिचय पत्र वितरण

१. जेष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, असहाय, एकल महिला लगायत लक्षित वर्ग तथा सिमान्तकृत समुदायहरुलाई लक्षित गरी **"उपप्रमुख सशक्तिकरण कार्यक्रम"** सञ्चालन गरिनेछ।

२. **नागरिक वडापत्रलाई अद्यावधिक गरि स्तरीय डिजिटल प्रबिधि**को प्रयोग गरिनेछ।

३. व्यक्तिगत घटना दर्ता प्रणालीका माध्यबाट मृत्यु, जन्म दर्ता, बिवहा, बसाइ सराईलाइ पुर्णरुपमा अनलाइनद्धारा प्रमाण पत्र वितरण गर्न कर्मचारीको क्षमता विकास गरी तत्काल कार्यन्वयमा ल्याइनेछ।

४. वडा कार्यालयलाई व्यवस्थीत बनाई सेवा प्रवाहमा गुणस्तर ल्याइनेछ।

५. वडा कार्यालयका सबै सिफारिसहरुलाइ सफ्टवयरको माध्यमबाट अनलाइन द्धारा वितरण गरिनेछ।

६. ७० बर्ष भन्दा माथीका जेष्ठ नागरिक, क वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई घर दैलो बैंकिङ प्रणाली मार्फत **घुम्ति सेवा दिई घर घरमा सामाजिक सुरक्षा भत्ता वितरण** गरिनेछ।

७. सामाजिक सुरक्षा प्रणालीलाई ब्यबस्थीत बनाउन अनलाइन प्रणाली सम्बन्धी सुदृढीकरण गर्न वडा सचिबहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

८. बेसहारा,अशक्त, असाहाय, अनाथ, अभिभावक विहिन, शारिरीक तथा मानसिक रुपमा कमजोर सडकआश्रित बालबिलकाहरुको लागि **"पुर्न स्थापना केन्द्र स्थापना"** गर्न पहल गरिनेछ।

९. अपाङ्गता भएका ब्यक्तिहरुको पहिचान अभिलेखीकरण र प्रमाणीकरण गर्न अपाङ्गता छनोट समन्वय समीतीलाई थप व्यवस्थीत बनाइनेछ।

१०.रास्कोट नगरपालिका विपन्न नागरिकहरुको पहिचान गरी विपन्न परिचय पत्र वितरण गरिनेछ।

११. वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता परिचय पत्र वितरण गरिनेछ।

**खानेपानी तथा सरसफाई**

१. खानेपानी मुहानको व्यवस्थापन गरी सुरक्षीत खानेपानी धोषणालाई निरन्तरता दिइनेछ।

२. नगरपालिका भित्रका नागरिकहरुका लागि **"स्वच्छ खानेपानी स्वस्थ जिन्दगानी"** भन्ने नारालाई अवलम्वन गदै अल्पकालिन तथा दिर्घकालिन योजना तथा कार्यक्रम बनाई कार्यन्वयन गरिनेछ।

३. एक घर एक धारा कार्यक्रमलाइ निरन्तरता दिइ दुई वर्ष भित्र सबै घरधुरीमा स्वच्छ खानेपानीको पहुँच पुर्याइनेछ।

४. बृहत खानेपानी आयोजना निरन्तरताका साथै बिस्तार गरी सञ्चालनमा ल्याइनेछ।

५. मुहान देखी मुख सम्म खानेपानीको सुद्धता कायम गर्न परिक्षणलाई अनिवार्य गरिनेछ।

६. खानेपानिका मुग्रहा धाराहरुको संरक्षण गरिनेछ।

७. खानेपानीका मुहानहरुलाई बस्तु स्थीतीका अधारमा व्यवस्थित बनाई एकिकृत गरी नगर सरकारको स्वमित्वमा ल्याइनेछ।

८. नगर भित्रका सार्वजनीक स्थानहरुमा खानेपानी धाराको व्यवस्था गरी सार्वजनीक शैचालय निर्माण गरिनेछ।

९. सम्बन्धीत टोलमा उपलब्ध जनप्रतिनिधिको नेतृत्वमा टोल सार्वजनिक स्थल तथा बजार वरिपरीका सरसफाई गर्न कम्तीमा **महिनाको एक पटक सरसफाई अभियान** सञ्चालन गरिनेछ।

१०.बजार क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न एक घर एक डस्विन वितरण गरिनेछ र नगरपालिकामा एक ड्याम्पीङ्ग साइट बनाइनेछ।

११.**"स्वच्छ सुन्दर र सफा रास्कोट हाम्रो शान, फोहोरको व्यवस्थापन मुख्य अभियान"** भन्ने नारा अवलम्वन गरिनेछ।

१२.प्लाष्टिक तथा सिसाजन्य फोहोर उत्पादनमा न्यूनिकारण गरिनेछ।

१३.अधारभुत मापदण्ड तयार गरि पूर्ण सरसफाइ यूक्त वडा धोषण गर्ने कार्य सञ्चालन गरिनेछ।

१४.नगरका सार्वजानिक स्थानहरुमा **सार्वजनिक शौचालय** स्थापनाको लागि आवश्यक पहल गरिनेछ।

१५.नगरपालिकामा खानेपानी वितरण प्रणालीलाई व्यवस्थीत गर्न एक संयन्त्र बनाईनेछ ।

**पूर्वाधार विकासः उर्जा,  सञ्चार, स्थानीय सडक, पुल, सिंचाई, खानेपानी पूर्वाधार, भवन तथा सहरी विकास**

**स्थानीय सडक तथा पुल**

१. सबै विद्यालय तथा वडा कार्यालयहरुलाई सडकको पहुँचमा जोडीनेछ ।
२. रास्कोट नगरपालिकामा निर्माण भएका सडक क्षेत्रमा पर्ने जग्गाको लगत कट्टा कार्य अगाडी बढाइनेछ ।
३. व्यवस्थित बसोबास र सुन्दर सहर निर्माणका लागि नगरपालिकाका बिभिन्न ठाँउमा निर्माण भइरहेका एकीकृत वस्ती विकासको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
४. स्थानीय पूर्वाधार विकास आयोजना निमार्ण गर्दा जलवायु उत्थानशिल, हरित पुर्नलाभ, उत्पादनशिल, विपद व्यवस्थापन र श्रममा आधारित आयोजनालाई प्रथमिकता दिने नीति लिई कार्यन्वयन गरिनेछ ।
५. रास्कोट नगरपालिकामा **साइकल मैत्री सडकको** स्थानीय मापदण्ड लागु गरिनेछ ।
६. रास्कोट नगरपालिकामा बसपार्क निर्माणका लागि पहल गरिनेछ ।
७. रास्कोट नगरपालिकाको चक्रपथ निर्माण तथा नगर भित्रका सहायक सडकहरुलाई मुख्य सडक सञ्जालसंग जोड्ने कार्यलाई प्राथामिकता दिइनेछ । सडकहरुको स्तरोन्नती गरिनेछ ।
८.  रिङरोडको  बाँकी ट्र्याक खोल्ने काम पुरा गरि क्रमशः कालोपत्रे प्रकृया अगाडी बढाइनेछ ।
९. बजार क्षेत्रका सडक बिस्तार र कालो पत्रे गर्ने हरित र वतावरण मैत्रिसडक निर्माण गर्ने नीति लिइनेछ ।
१०.देउरामालिका सम्मको सडको स्तरोउन्नती गरि त्रिवेणी सम्मको सडक निर्माणका लागि संध र प्रदेश सरकार संग आवश्यक पहल गरिनेछ ।
११.तुसार खोला चौथा खोला बगाने खौला लडेखोला र फुगाड खोला  रहेका सडकमा पुल निर्माण प्रक्रिया अगाडि वढाइने छ ।
१२. सडक नभएका खोलाहरु झोलङ्गे पुलको निर्माण गरिनेछ ।
१३. छिमेकी पालिका **सान्नी त्रिवेणीसँग सहज आवतजावतका लागि झोलुङ्गे पुल** निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

**उर्जा**

१. रास्कोट नगरपालिका भित्रका विधुतीकरण हुन बाँकी बस्तीहरुमा विधुत प्रशारण लाइन यथासिघ्र पुर्याइनेछ ।
२. वैकल्पीक उर्जाका माध्यमबाट रास्कोटका मुख्य सडकहरुमा वत्ती जडान कार्य अगाडि बढाइनेछ ।
३. रास्कोटको प्रत्येक घर धुरीमा आधुनिक सुधारिएको चुलो वितरण गरी सोको प्रयोगबाट हुने कार्वन उत्सर्जनको कमीलाई अभिलेखीकरण गरी कार्वन ट्रेडसंग आबद्ध गरिनेछ ।
४. सञ्चालनमा रहेका लघुजल विधुत र सौर्य उर्जा आयोजनालाइ निरन्तरता दिंदै तिनको संरक्षण र बिस्तार गरिनेछ

५. विधुत महसुल काउन्टर नगरपालिकामा स्थापना गर्न पहल गरिनेछ ।

**सिंचाई**

१ विद्यमान सिंचाईका पूर्वाधारहरुको मर्मत सम्भारका साथै थप आयोजनाहरु कार्यन्वयमा जोड दिइनेछ ।
२ मुलमा भएको पानीलाई खेतमा पुर्याउने नीति लिइनेछ ।
३ विगत वर्षको बाडि पहिरोले क्षति भएका सिंचाई कुलाहरुको पुन निर्माण प्रकृयालाई अगाडी बढाइनेछ ।
४ कृषिका पकेट क्षेत्रहरुका लागि अनिर्वाय सिचाईको सुनिश्चित गर्न आवश्यक संरचना निर्माण गरिनेछ ।
५ आधुनिक सिंचाई प्रबिधिहरुको प्रयोगबाट जल सदुपयोग रणनीती अपनाइनेछ ।

**सञ्चार**

१. रास्कोट नगरपालिकालाई सूचना तथा प्रविधि मैत्री नगर बनाउनका लागि आवश्यक संरचनाको कार्यसम्पन्न गरिनेछ ।
२. गुनासो सुनाई कार्यलाई कार्यन्वयन गर्न **हटलाइन सेवा** सुचारु गरी **"हेलो मेयर कार्यक्रम"** सञ्चालन गरिनेछ ।
३. एक वडा एक सार्वजनिक क्षेत्रमा **फ्रि वई फाई** जोन घोषणा गरिनेछ ।
४. नगरपालिका भित्रका सबै सेवा कार्यालयहरुका क्रियाकलापहरुमा अनिर्वाय अनलाइन प्रणालीको माध्यमबाट सेवा प्रवाह गर्ने नीति लिइनेछ ।
५. सेवा प्रवाहका लागि वेभसाइट, फेस बुक, मोबाइल एप्स,यस एम एस अलटको व्यवस्थापन गरी सूचना प्रवाह गरिनेछ ।
६. साईवर सुरक्षा प्रणाली लागु गदै कार्यालय समय अवदिको अधिकतम सदुपयोग गर्न सामाजिक संजालमा (फेस बुक, टिक टक, युवटुव ) रोक गलाइनेछ ।

**भवन तथा सहरी विकास**

१. नगरपालिकाको निर्माणाधीन प्रशासनिक भवन बाट सरल सहज रुपमा एकिकृत सेवा प्रवाह गरिनेछ
२. यस वर्ष तिन वटा वडा कार्यालयहरुको प्रशासनिक भवन सम्पन्न हुनेछ क्रमश सबै वडा कार्यालयहरुको भवन, निर्माण गर्नको लागि संघीय सरकार र प्रदेश सरकारसंग अनुरोध गरिनेछ ।
३. सहरी विकास तथा भवन निर्माण आचारसंहिता २०७२ लाई कार्यन्वयनमा ल्याइनेछ ।
४. हालसम्म निर्माण भएका सबै प्रकारका घरहरुलाई नगरपालिकाको नियम अनुसार अभिलेखीकरण गरी प्रमाणीकरण गर्ने कार्य अघि बढाइनेछ ।
५. आर. सि. पि. बजारलाई व्यवस्थित गर्न गुरुयोजना निर्माण गरी कार्यन्वयन गरिनेछ ।
६. रास्कोट नगरपालिका र संघीय सरकारको सहकार्यमा व्यपारिक कम्पलेक्स भवन निर्माणका लागि पहल गरिनेछ ।

**नगरसभाका सदस्य ज्यूहरु**

**सुशासन तथा संस्थागत विकास**

१. सुशासन प्रर्वद्धनका लागि **"मुस्कान सहितको सेवा"** भन्ने मुल नारालाई रास्कोट नगर कार्यापालिका भित्रका सम्पूर्ण सेवा प्रदायक कार्यालयहरुमा अवलम्वन गरिनेछ।

२. अन्तरपालिका भगेनी सम्बन्ध विस्तार गरिनेछ।

३. सेवा प्रवाह चुस्त दुस्त आवश्यक जनशक्ति व्यवस्थापनका गर्नका लागि आवश्यक प्रदेश सरकार र संघिय सरकार संग पहल गरिनेछ।

४. रास्कोट नगरपालिकाको सुरक्षा तथा सुशासन सुनिश्चितता कायम गर्न **नगर प्रहरी गठन** गरिनेछ।

५. प्रदेश निर्वाचन क्षेत्र 'ख' का नागरिकलाई सार्वजनिक सेवा प्रवाह सहज बनाउन रास्कोट नगरपालिकामा **इलाका प्रशासन कार्यालय** स्थापनाका लागि संघ तथा प्रदेश सरकारसंग माग गरिनेछ।

६. पूर्वाधार निर्माणका कार्यहरुलाई सहज बनाउन **एक वडा एक प्राबिधिकको** व्यवस्था गरिनेछ।

७. रास्कोट नगरपालिकामा कार्यरत कर्मचारीको प्रशासनिक क्षमता विकास तालिमको व्यावस्थापन गरिनेछ ।

८. सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकाको **एक सोधपुछ तथा हेल्प डेक्स स्थापना** गरिनेछ।

९. **"उपभोक्तासँग उप प्रमुख कार्यक्रम"** मार्फत सुशान प्रवद्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

१०.उपभोक्ता समिती मार्फत निर्माण हुने आयोजनाहरुमा संलग्न कामदारहरुको ज्याला वित्तीय सेवा प्रदायक संस्थामा रहेको बैंक खाताबाट भूक्तानी गर्ने नीति लिइनेछ।

११.आयोजना मर्मत सम्भार विकास कोषको व्यवस्थापन गर्ने नीति लिई सोही बमोजिम कार्यक्रम तय गरिनेछ।

१२.सेवा प्रवाहको गुणस्तर सुनिश्चित गर्न पिरामिड आकारमा कर्मचारी तथा जनप्रतिनिधिको कार्य संम्पादन करार सम्झैता गरिनेछ।

१३.कार्य संपादनका आधारमा कर्मचारीहरुलाई **सम्मान तथा पुस्कार र पृष्टपोषण** नीति लिइनेछ।

१४. अर्धबार्षिक रुपमा नगरपालिकाको सार्वजनिक सुनाई गरिनेछ।

१५.**"नगरबासीसंग नगर प्रमुख कार्यक्रम"** सञ्चालन गरी महिनामा एक दिन नगरवासीको गुनासो सुनाई गर्न टोलटोलमा साक्षत्कार गरिनेछ।

१६. राजश्व चुवाबाट न्यूनीकरण गर्न राजश्व संकलनलाई अनलाइन प्रविधिमा आवद्ध गरिनेछ।

१७.वित्तीय जोखिम न्यूनीकरण गर्न अनलाइन माध्यबाट भुक्तानी गरिनेछ।

१८.सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा सुबिधामा समय सापेक्ष पुनरावलोकन गरी सेवा करारलाई निरन्तरता दिइनेछ।

१९.नगर भित्रका सेवा कार्यालयहरुमा अनिर्वाय सिसिटिभि जडान गरी प्रत्यक्ष निगरानीको व्यवस्था गरिनेछ।

२०.आयोजनाहरुको सुचीकरण गरी **"योजना बैंक"** तयार गर्ने र आगामी आर्थिक वर्षहरुमा सोही योजना बैंकबाट आयोजना छनौट गरी कार्यान्वयन गर्दै लैजाने नीति अबलम्बन गरिनेछ।

२१.नगरपालिकामा लेखापरीक्षण समिति गठन र क्रियाशिल गराई लेखा परीक्षण एवं बेरुजु फछ्यौंटलाई प्रभावकारी गराईनेछ ।

२२.बजारमा हुनसक्ने अस्वस्थ प्रतिस्पर्धा, एकाधिकार, मिसावट, अवैध भण्डारणलाई नियन्त्रण गर्न समय समयमा बजार अनुगमन र नियमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनुका साथै कृतिम अभाव र कालो वजारलाई गरि कार्वाही गरिनेछ ।

२३.रास्कोट नगरपालिकामा कार्यसञ्चालनका लागि गैरसरकारी संघ संस्थालाई एकद्वार नीति द्धारा नियमन गरिनेछ ।

२४.नगरपालिकाभित्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन नेपाल प्रहरी र अन्य सुरक्षा निकायहरुसँगको सहकार्यलाई प्रभावकारी बनाईनेछ। सुरक्षा संवेदनशील भएका स्थानहरुमा प्रहरी विट स्थापना गर्ने, सुरक्षा निगरानी वृद्धि गर्ने र मुख्य बजार क्षेत्रहरुमा सिसिटिभि जडान र विस्तार गरिनेछ ।

२५.नगरपालिकाको समग्र बस्तुस्थिती झल्काउने नगर पश्वचित्र तयार गरिनेछ ।

२६. सुचनाको हक नगरबासीलाई प्रत्याभूत गराउन नगरका सार्वजनिक स्थानहरुमा **सार्वजनिक सुचना पाटी**हरुको स्थापना गरि नगरका सम्पुर्ण गतिविधि सार्वजनिक गरिनेछ ।

२७.नगरपालिकामा स्थानीय अनुकुलन कार्य योजना (LAPA) निर्माण गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यावस्थापन**

१. **"एक घर अनिवार्य पाँच विरुवा"** को नीति लागु गरिनेछ । लोप हुन गइरहेका बहुमूल्य जडिबुटी रोकथामका साथै जैविक विविधताको संरक्षण र वन क्षेत्रको व्यवस्थापनलाई उच्च प्रथमिकता दिइनेछ ।

२. बाढी पहिरोबाट जोगाउन भू-संरक्षण, तटबन्ध व्यवस्थापन र वृक्षरोपण कार्यलाई अगाडी बढाइनेछ ।

३. सडक किनारका खाली जमिनमा वडा तथा टोल, वस्तीको सहभागितामा वृक्षारोपण गर्दै लगिनेछ । अनियन्त्रित रुपमा भइरहेको ढुङ्गा खानी र गिट्टी तथा बालुवा उत्खनन्लाई रोकी व्यावस्थित गरिनेछ ।

४. वन पैदावार, वनजंगल र वृक्षारोपण सम्वन्धी विशेष कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

५. खोला किनार, खोला उकास, नहर तथा कुलो किनार, सडक किनार, सार्वजानिक खाली जग्गा, पाखा वा पखेरो क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अबलम्बन गरिनेछ ।

६. पलाष्टिकका झोला विक्री वितरण र प्रयोगमा रोक लगाउदै रास्कोट नगरपालिकाको **लोगो रहेका झटपट हाते झोला**को व्यवस्था गरिनेछ ।

७. वातावरणीय जोखिम न्यूनीकरण र न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन गरिनेछ ।

८. रास्कोट नगरपालिकाका क्षेत्रभित्रका सबै बाजो जमीनमा किनारमा बाँस, उत्तिस, वैस लगाएतका रुख विरुवा रोप्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ ।

९. नगरपालिकाको तर्फबाट पीच/ढलान गरिने सबै सडक तथा बाटोहरुमा अनिवार्य रुपमा सडकको दायाँ बायाँ विरुवा रोप्नुपर्ने व्यावस्थालाई कडाईका साथ लागु गरिनेछ र क्रमशः सबै किसिमका सडक बाटोहरुमा दायाँ वायाँ विरुवा रोप्न प्रोत्साहन गरिनेछ।

१०.नगरस्तरीय नर्सरी स्थापनाको जिम्मा अनुमतिप्राप्त व्यक्ति वा संस्थालाई उक्त व्यक्ति वा संस्थालाई दिइनेछ र सो समुदायले उत्पादित विरुवाहरु नगरपालिकालाई प्राथमिकतामा राखी सहुलियत दरमा उपलब्ध गराउनुपर्ने व्यवस्था लागु गरिनेछ।

**विपद् व्यवस्थापन**

१. स्थानीय आपतकालिन सुरक्षित आवास घर निर्माणको तयारी गरिनेछ।

२. समग्र रास्कोटको जोखिम नक्साङ्कनको मार्गचित्र तयार गरिनेछ।

३. विपद्का योजना तयार गर्दा विपद् न्यूनीकरण र दिगो विकासका विषयमा विशेष ध्यान दिइनेछ।

**भुमि व्यवस्थापन तथा वस्ती विकास**

१. भु-उपयोग नीति जारी गरिनेछ। र नगरपालिकाको दिगो विकास तथा वातावरण संरक्षणको लागि भू उपयोग नीति अबलम्बन गरिनेछ।

२. वैज्ञानिक भुमि व्यवस्थापन कार्यान्वयनमा ल्याइनेछ।

३. नगरभित्र रहेका सरकारी, सार्वजानिक, ऐलानी, जग्गाको एकिकृत लागत तयार गरिनेछ। सो कार्यका लागि विशेष समिति गठन गरी कार्य प्रारम्भ गरिनेछ।

४. **"भुमि बैंकको"** स्थापना गरी खेती योग्य बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ।

**विविध :**

१. रास्कोट नगरपालिका भित्रका सम्पूर्ण नागरिकको निर्जिवन दुर्घटना बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

अन्तमा, नगरपालिकाले आगामी आर्थिक वर्षमा सञ्चालन गर्न लागेका विकासका नीति तथा कार्यक्रमहरुमा सिर्जनात्मक सल्लाह सुझाव तथा कार्यान्वयनमा सहयोग र सहभागिताका लागि समस्त नगरबासीहरु, जनप्रतिनिधिहरुमा हार्दिक अनुरोध गर्दछु र समृद्ध नगरपालिका निर्माण गर्ने अभियानमा सबैको योगदानको अपेक्षा समेत गर्दछु। धन्यवाद। नमस्कार।

**धर्मराज शाही (पोषण)**
**नगर प्रमुख**
**रास्कोट नगरपालिका, कालीकोट**